**नेपाली** / ***NEPALI***

विषय: भवन पहुँच र परीक्षणको अपडेट

*यो सन्देशमा समेटिएको छ*

- *भवन पहुँचको अपडेट*
- *परीक्षणको अपडेट*
- *तपाईंमा पोजिटिभ देखिएमा के गर्ने*
- *ध्यान दिनुपर्ने कुराहरू*

यो हप्ता क्याम्पसको लागि महत्त्वपूर्ण रहेको छ किनकि *Badger Badge* मा आधारित भवन पहुँचको प्रवर्तन बुधबार शुरू भयो। प्रारम्भिक रिपोर्टहरूले व्यापक अनुपालनको सुझाव गर्दछन्: व्यक्तिहरूले परीक्षण गरीरहेका छन् र भावनाहरूको ढोकाहरूमा आफ्नो हरियो (पहुँच स्वीकृत) *Badger Badge* स्क्रिन देखाउन तयार छन्।

हामीलाई थाहा छ यस नयाँ प्रक्रिया अपनाउन सबैको थप प्रयास र धैर्यको आवश्यकता छ - यस चुनौतीमा उत्रनु भएकोमा धन्यवाद। खोपको समाचार आशाले भरीएतापनि, यस विश्वव्यापी महामारी अझै सकिएको छैन। हामी सामूहिक रूपमा सतर्क रहनु पर्दछ: मास्क लगाउन जारी राख्नुहोस्, भौतिक दूरी र राम्रो स्वच्छताको पालना गर्नुहोस् र जमघटमा नजानुहोस्।

## भवन पहुँच

मुख्य क्याम्पसको भवन भित्र जानका लागि, **तपाईंले क्याम्पस परीक्षण नीतिको पालना गरेको हुनुपर्दछ, र तपाईंको *Safer Badgers* मा *Badger Badge* हरियो "भवन पहुँच स्वीकृतको (building access granted)" सही चिन्ह देखिएको हुनुपर्दछ**। धैरैजसो क्याम्पसका भवनहरूमा, तालिम पाएका *Badger Wellness Ambassadors* ले तपाईं भित्र जानु अघि तपाईंको *Badger Badge* देखाउन अनुरोध गर्नेछन्।

- चाँडै भित्र जानका लागि, विशेष गरी जाडोको बेलामा, **तपाईं भवनको नजिक जाँदा** कृपया तपाईंको *Safer Badgers app* लाई खोलेर *Badger Badge* को स्क्रिन देखाउनुहोस्। *Badger Wellness Ambassador* लाई तपाईंको स्क्रिनमा भएको जानकारी हेर्ने समय दिनुहोला।

- क्याम्पस समुदायको सुरक्षा भवन पहुँच नियमहरूको पालना गर्ने सबैमा भर पर्दछ। जानेर पालना गर्न नखोज्ने विद्यार्थी र कर्मचारीहरूले परिणामको सामना गर्नुपर्ने हुन्छ।

- परीक्षणको उद्देश्यको लागि भवन भित्र जान तपाईंले हरियो *COVID-19* को स्क्रिन देखाउन आवश्यक **पर्दैन**।

- यदि तपाईंको *badge* रातो छ र तपाईं काममा आउन सक्नुभएन भने तपाईंले जतिसक्दो चाँडो आफ्नो सुपरभाईजरलाई सम्पर्क गर्नुहोला।

- यदि तपाईं अझैसम्म यो सेमेस्टर क्याम्पसमा जानुभएको छैन भने, यो छोटो भिडियो हेर्नुहोला जसले *Badger Wellness Ambassadors* को भूमिका र भवनहरूको ढोकाहरूमा के अपेक्षा गर्ने कुराको जानकारी दिँदछ।

## परीक्षण स्थलहरू

सबै क्याम्पसका परीक्षण स्थलहरू जहिले पनि जान मिल्ने (*drop-in*) तरिकाले चलेका छन्। बेलुकी, शनिबार, आइतबार र बिहान चाँडैको समयहरू उपलब्ध छन्।

- जब तपाई परीक्षण गर्ने विचार गर्नुहुन्छ, ध्यान दिनुहोस् कि **धेरैजसो परीक्षण स्थलहरूले बिहान कम मान्छेहरू परीक्षण गर्न आएका रिपोर्ट गरिरहेका छन्**। बिहान परीक्षण गर्दा उही दिन तपाईंको नतिजा पाउने सम्भावना पनि बढ्छ।

- केही स्थलहरू व्यस्त भएतापनि, अरू नजिकैका स्थलहरूमा पर्खने समय कम वा नहुने सम्भावना हुन सक्छ। **कृपया तपाईंको *app* चलाएर कुन स्थलमा चाँडै परीक्षण गर्न सकिन्छ पत्ता लगाउनुहोला।**

## तपाईंमा पोजिटिभ देखिएमा

यदि तपाईंमा *COVID-19* पोजिटिभ देखिएमा, **तपाईंले यस नतिजालाई विश्वास गर्नुपर्दछ र अरूमा यो सङ्क्रमण हुनबाट रोक्नका लागि आफूलाई तुरून्तै अलग्ग राख्नु पर्दछ**। तपाईंसँग स्वास्थ्यका प्रश्नहरू छन् भने कसलाई फोन गर्ने सहित थप जान्नुहोस्।

- नाकबाट नमूना निकाल्ने र थुकमा आधारित परीक्षणहरू दुबै *UW–Madison* मा यस वसन्त सेमेस्टरमा स्वर्ण मान्यता दिईएको *COVID-19* का परीक्षणहरू हुन्। तपाईंमा गलत पोजिटिभ देखिने नतिजाका सम्भावनाहरू एकदम कम छन्। क्याम्पसको परीक्षण स्थलमा अर्को परीक्षण गर्ने प्रयास नगर्नुहोला।

- तपाईंको परीक्षणको नतिजाको बारेमा तपाईंलाई चिन्ता लागेको छ भने, तपाईंले *UHS* लाई सम्पर्क गर्नुपर्ने हुन्छ: https://www.uhs.wisc.edu/medical/

- यदि तपाई रातो स्थितिको *QR* कोड (जुन तपाईंको *Badger Badge* भन्दा फरक छ) साथ क्याम्पसको परीक्षण स्थलमा आइपुग्नु भयो भने, कर्मचारीले तपाईंको *UHS* बाट पाउनु भएको क्लिनिकल कागजात लिएर आउनुभए मात्र फेरि परीक्षण गर्ने अनुमति दिनेछ। यो कागजात बिना, जुन *UHS* ले विरलै मात्र प्रदान गर्दछ, तपाईंलाई फेरि परीक्षणको लागि अनुमति दिइने छैन।

## ध्यान दिनुपर्ने कुराहरू

- अन्लाईन hr.wisc.edu/covid19/workplace-training वेबसाईटमा उपलब्ध वसन्त सेमेस्टरको *COVID-19* को तालिम सबै कर्मचारीहरूले पूरा गर्नुपर्ने अपेक्षा गरिएको छ। यस तालिमले *UW–Madison* का कर्मचारीहरूको कार्यस्थल र क्याम्पसमा आउने पाहुनाहरूको लागि मार्गदर्शन र अपेक्षाहरू समेटेको छ। धेरैजसो मान्छेहरूले यो तालिम १० मिनेट वा कम समयमा पूरा गर्न सक्नेछन्।

- *UW–Madison* ले सूचना उपलब्ध हुने बित्तिकै क्याम्पस समुदायका सदस्यहरूलाई उनीहरूका खोप पाउने योग्यताहरूको पहिचान र सूचित गर्नको लागि काम गर्दैछ।

## सहयोग कसरी पाउने

- **यदि तपाईंसँग** धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका **प्रश्नहरू छन् भने** covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला।

- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।